चिहानहरूमाथि नबस्नु र त्यसतर्फ मुख गरेर नमाज नपढ्नु।

अबू मरसद गनवी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम)
ले भन्नुभएको छ : "चिहानहरूमाथि नबस्नु र त्यसतर्फ मुख गरेर नमाज नपढ्नु।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले चिहानहरूमाथि बस्न निषेध गर्नुभएको छ । त्यसैगरी, यदि कुनै चिहान नमाज पढ्ने व्यक्ति र किब्लाको बीचमा अवस्थित छ भने त्यो चिहानतर्फ मुख फर्काएर नमाज पढ्न निषेध गरिएको छ, किनभने यो शिर्क (बहुदेववाद) तर्फ उन्मुख गराउने माध्यम हो ।

http://www.sunnah.global/hadeeth/ne/show/10647